# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल


प.सं.:

च.नं..:                                                                                  मिति:..................................

## तथ्याङ्क सङ्कलन सहजकर्ता आवश्यकता सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित मिति: २०७८/११/०५**

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा १४ उपदफा (१) कार्यान्वयनका लागि किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तिनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरणहरु विधुतीय प्रणाली मार्फत संकलन गरि किसान सूचीकरण कार्यक्रम कार्यान्वयन गर्न यस देवघाट गाउँ कार्यपालिकाको कार्यालय तनहुँका लागि गणक आवश्यकता परेकोले तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित तोकिएको ढाचाँमा पासपोर्ट साइजको २ प्रति फोटो नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण प्रत्र, आफ्नो व्यक्तिगत विवरण(Bio-data), अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपीहरु सहित आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

| सि.नं | सूचना नं. | आवश्यक संख्या | आवश्यक योग्यता | संलग्न गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|---|
| १. | १/०७८-०७९ | १२(ब्राह्) | कम्तिमा प्रविणता प्रमाण पत्र(१०+२) उत्तीर्ण कम्प्यूटर चलाउन जान्ने, नेपाली अग्रेजी फ्रन्ट टाइप गर्न सक्ने, आफ्नै स्मार्ट फोन भएको र दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पुरा गरी ४० वर्ष ननाघेको | ➢ नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि<br>➢ मान्यताप्राप्त शिक्षणसंस्थाबाट प्रविणता प्रमाण पत्र तह(१०+२) उत्तीर्ण भएको प्रमाण पत्रको प्रतिलिपी । |

**१.दरखास्त दिने अन्तिम मिति**: मिति २०७८/११/१९ गते सम्म कार्यालय समय भित्र(सो दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट) आवेदन दिन मिल्नेछ ।

**२. दरखास्त दस्तुर** : गणकको लागि रु २००/- (दुइ सय) लाग्ने ।

**३. परिक्षाको किसिम**: अन्तरवार्ता ।

**४. कार्य विवरण तथा पारिश्रमिक** : सहजकर्ताले देवघाट गाउँपालिकाका घरघरमा पुगेर कृषकहरुका तथ्याङ्क विवरण सफ्टवयरमा प्रविष्ट गर्नुपर्नेछ यसरी प्रविष्ट गरिसकेपछि देवघाट गाउँपलिकाबाट नेपाल सरकारको कृषक सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधी २०७७ को दफा २० को उपदफा (२) अनुसारको पारिश्रमिक प्रदान गरिनेछ।

**५. दरखास्त फारम पाइने स्थान** : गाउँ कार्यपालिकाको कार्यालयको कृषि विकास शाखा र देवघाट गाउँपालिकाको Website बाट डाउनलोड गर्न सकिने ।

६. देवघाट गाउँपालिकामा गत वर्ष कृषि तथा पशु तथ्याङ्क संकलन गरेको गणकलाई प्राथमिकता दिइनेछ ।

११/०५

बिपिना सुबेदी
कृषि शाखा प्रमुख


**फोन: ०५६-५०००६८, ५०००७२**

**इमेल**: devghat.ruralmun@gmail.com, info@devghatmun.gov.np, **वेबसाइट**: devghatmun.gov.np